राजपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय,
गंगदी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/१२/०३ गते)

प्रस्तुत विषयमा (भुमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ अनुसारका कार्यको लागि यस गाउँपालिकाको **भुमिहीन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन इकाई**का लागि देहायका पदमा सेवा करारमा लिनुपर्ने भएकोले निम्न बमोजिमयोग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त बुझाउन अनुरोध गरिन्छ ।

**१. पद विवरण**

| क्र.सं. | विज्ञापन नं. | पद/ तह | विज्ञापनको किसिम | संख्या | आवश्यक न्यूनतम् योग्यता |
|---|---|---|---|---|---|
| १ | ०८-०७७/७८ | संयोजक | खुला (सेवा करार) | १ | मान्यता प्राप्त शैक्षिकसंस्थावाट स्नातक वा सो सरह उत्तिर्ण गरेको । |
| २ | ०९-०७७/७८ | सर्वेक्षक | खुला (सेवा करार) | १ | लोकसेवा आयोगले निर्धारण गरेको सम्वन्धित पदको न्यूनतम् शैक्षिक योग्यता । |
| ३ | १०-०७७/७८ | अमिन/चौथों | खुला (सेवा करार) | २ | लोकसेवा आयोगले निर्धारण गरेको सम्वन्धित पदको न्यूनतम् शैक्षिक योग्यता । |
| ४ | ११-०७७/७८ | तथ्यांक संकलक/चौथों | खुला (सेवा करार) | १० | एस.इ.ई. वा सो सरह उतिर्ण गरेको र आधारभूत कम्प्युटर सम्बन्धी तालिम । |
| ५ | १२-०७७/७८ | लगत प्रविष्टीकर्ता/चौथों | खुला (सेवा करार) | १ | एस.इ.ई. वा सो सरह उतिर्ण र आधारभूत कम्प्युटर सम्बन्धी तालिम लिएको र देवनागरीक र अंग्रेजीमा राम्रो टाईप गर्न सक्ने । |
| ६ | १३-०७७/७८ | सामाजिक परिचालक/चौथों | खुला (सेवा करार) | १ | एस.इ.ई. वा सो सरह उतिर्ण । |
| ७ | १४-०७७/७८ | फिल्ड सहयोगी | खुला (सेवा करार) | १ | कक्षा आठ उत्तिर्ण गरेको । |

**२. दरखास्त दिने अन्तिम मिति :** २०७७।१२।०९ कार्यालय समय भित्र ।

**३. सम्पर्क मिति :** दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट ।

**४. काम गर्नुपर्ने स्थान र कार्यविवरण ;** राजपुर गाउँपालिका र भुमिहीन दलित, भुमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि,२०७७ तथा अन्य सम्बन्धित कानुन बमोजिम ।

**५. सेवा सुविधा :** राजपुर गाउँपालिकासँग गरिने करार सम्झौता सर्तमा उल्लेख भए बमोजिम हुनेछ ।

**६. उमेर :** दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको महिलाको हकमा ४० बर्ष ननाघेको ।

**७. करार अबधि:** करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**८. दरखास्त फाराम पाइने तथा बुझाउने स्थान :** राजपुर गाउँ कार्यपालिकाको कार्यालय, गंगदी, दाङ

**९. दरखास्त दस्तुर :** क) संयोजक पदको लागि रु. ५००/- ख) सर्वेक्षक पदको लागि रु. ४००/- ग) अमिन पदको लागि रु. ३००/- घ) तथ्यांक संकलक पदको लागि रु. ३००/- ङ) लगत प्रविष्टीकर्ता पदको लागि रु. ३००/- च) सामाजिक परिचालक पदको लागि रु. ३००/- छ) फिल्ड सहायोगी पदको लागि रु.२००/-मात्र ।

**१०. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
- २ प्रति पासपोर्ट साइजको फोटो ।
- शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि ।
- अनुभव सम्बन्धी कागजात ।

**११. छनौटको आधार :**राजपुर गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधी, २०७५ अनुसार प्रारम्भिक सूचीमा परेका उम्मेदवारको मात्र अन्तरवार्ता ।

**१२. शर्त र मापदण्ड :**करार सेवाको लागि प्रचलित कानुनद्धारा अयोग्य नठहरेको हुनुपर्ने ।

अन्य थप जानकारीको लागि : राजपुर गाउँपालिकाको वेभसाइट www.rajpurmundang.gov.np वा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ । सम्पर्क नं. ९८५७८३५२४०

राम प्रसाद खनाल
प्रमुख प्रशासकीय अधिकृत